राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३५, चैत २५ गते शुक्रबार, २०७८ (08 April, 2022) | www.janajibro.com | मूल्य रु. १०।-

# ‘स्थानीय निर्वाचन अधिकार प्राप्तिको लडाइँ’

## नजिकिँदै चुनाव, गाउँ-गाउँमा बढ्दै चुनावी सरगर्मी

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** हरेक पाँच-पाँच वर्षका लागि जनताले आफ्ना स्थानीयमा प्रतिनिधि छान्ने अधिकारको प्रयोग गर्ने अवसरका रूपमा उपयोग गर्ने आसन्न स्थानीय निवार्चन नजिकँदै गर्दा राजनीतिक दलहरूले जनताको मन जितेर आफूलाई विजेता साबित गर्नु चुनावलाई लडाइँकै अर्को मोर्चाको रूपमा बताउँने गरेका छन् ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आसन्न स्थानीय चुनावलाई आफूले सामान्य नभई प्राप्त उपलब्धिको रक्षा गर्ने र थप अधिकारका लागि लड्ने अभियानका रूपमा लिएको उल्लेख गरेका छन् । चुनावको मिति घोषणा भएसँगै गाउँगाउँ पुगिरहेका अध्यक्ष प्रचण्डले सिरहाको मिर्चैया नगरपालिकाद्वारा सहिद रामप्रताप साहको नाममा निर्मित प्रतिमासहितको प्रवेशद्वार उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै अहिले पनि संविधानलाई मास्न र उपलब्धिलाई समाप्त पार्न कतिपय शक्ति लागि परेकोले त्यसको रक्षा गर्दै थप अधिकार प्राप्तिका लागि चुनावलाई लडाइँकै रूपमा लिन कार्यकर्तालाई निर्देशन दिएका हुन् । उनले जनताको असली, अग्रगामी साथी माओवादी केन्द्र मात्रै अग्रगामी परिवर्तनलाई संस्थागत गर्न र नेपाल र नेपाली जनताको समृद्धिको यात्रा पूरा गर्नसक्ने भएकाले माओवादी बलियो बनाउन जनताको साथ चाहिने समेत बताए ।




बलिदानी पूर्ण संघर्ष गरेर प्राप्त गरेको उपलब्धिलाई सिध्याउन देशीविदेशी शक्ति लागिपरेको चर्चा गर्दै अध्यक्ष दाहालले लडेर ल्याएको हकअधिकारलाई रक्षा र संस्थागत गर्न प्रतिगामीहरूसँग निरन्तर लडिरहनु पर्ने समेत बताए ।

‘नेपालीको आत्म सम्मानको रक्षा गर्ने, प्रतिक्रियावादीलाई परास्त गर्दै देशको रक्षा गर्ने, राष्ट्रको रक्षा गर्ने, समानता र आत्म-सम्मानको रक्षा गर्ने वा प्रतिक्रियावादीलाई छोडिदिने

क्रमशः अन्तिम पृष्ठमा

# मुलुकभर चुनावी चहलपहल, कसको तयारी कस्तो ?



**काठमाडौं ।** आगामी बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको चुनावको मिति नजिकँदै गर्दा मुलुकभरका चुनावी राजनीतिक दलहरूले आफ्ना गतिविधिहरूलाई चुनावकेन्द्रित बनाउँदै लगेका छन् । अरु बेला खासै गाउँमा देखा नपर्ने राजनीतिक दलका नेताहरू समेत आ-आफ्ना बर्चश्व बढाउन गाउँगाउँमै भेटिन थालेपछि चुनावी गर्मी बढेको सहजै अनुमान लगाउन सकिन्छ ।

स्थानीय तहको निवार्चनको तयारी स्वरुप जिल्ला-जिल्लाका निर्वाचन कार्यालयहरूले समेत मतदाताको अन्तिम नामावली प्रकाशित गर्ने कार्यलाई समेत तदरुकता दिएका छन् ।

आसन्न निर्वाचनको लागि जिल्ला निर्वाचन कार्यालयले मतदाताको अन्तिम नामावली प्रकाशित गरेसँगै कास्की जिल्लामा चुनावी सरगर्मी भने बढेको छ । दुई लाख ८१ हजार आठसय ३३ जना मतदातामध्ये एक लाख ३३ हजार सातसय ४२ पुरुष र ४८ हजार ८७ जना महिला र चारजना तेस्रो लिंगी

क्रमशः अन्तिम पृष्ठमा

# नत्र ‘अपुताली’ स्थानीय तहको सम्पत्ति



**समय-सन्देश**
**अधिवक्ता लक्ष्मण बस्याल**

*मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद- ११ अन्तर्गत दफा २४६ मा अपुताली पाउने व्यक्तिको दायित्व तथा अधिकारसम्बन्धी व्यवस्था छ । २४६ (क) मा मृतकको रीत परम्पराअनुसार सद्गत तथा किरिया गर्नु वा गराउनुपर्ने अपुताली पाउने व्यक्तिको दायित्व तथा अधिकार हुने व्यवस्था छ ।*

*त्यसैगरी, (ख) र (ग) मा मृतकले लिएको ऋण साहुलाई भुक्तानी गर्नुपर्ने र मृतकले दिएको ऋण तथा लगानी गरेको सम्पत्तिमाथि निजको अधिकार हुने व्यवस्था छ ।*

*कुनै व्यक्तिको मृत्यु भई निजको सद्गत तथा किरिया अपुताली पाउने व्यक्तिबाहेक अन्यले गरेको भए अपुताली पाउने व्यक्तिले मृतकको सद्गत तथा किरिया गर्दा लागेको खर्च र त्यस्तो खर्चको थप पच्चीस प्रतिशत रकम त्यसरी सद्गत तथा किरिया गर्ने व्यक्तिलाई दिनुपर्ने कानुनी व्यवस्था छ ।*

*‘तर, कुनै व्यक्तिले मृतकको सद्गत तथा किरिया आफूले नगरी अन्य व्यक्तिमार्फत गराउन लगाएको रहेछ भने त्यसरी सद्गत तथा किरिया गर्दा लागेको वास्तविक खर्च मात्र दिन सक्नेछ’- सो व्यवस्थामा उल्लेख छ । मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद- ११ अन्तर्गत दफा २४७ मा ‘कुनै व्यक्तिको अपुताली खुला भएमा र निजका साहु भएमा त्यस्ता साहुले अपुताली पाउनेबाट ऋण तथा दायित्व भराई लिन सक्ने’ उल्लेख छ ।*

*दफा २४७ मा भनिएको छ- ‘तर मृतकको सम्पत्तिभन्दा बढीको ऋण तथा दायित्व रहेछ भने अपुताली पाउने व्यक्तिले तिर्न बाध्य हुने छैन ।’*

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ३५, चैत २५ गते शुक्रबार, २०७८

**सम्पादकीय**

# हावाहुरी र आगलागीको सिजन जनजीवन जोगाउने के छन् उपाय ?


नेपाली नागरिक हरेकजसो सिजनमा कुनै न कुनै विपत्तिको शिकार हुने गरेका छन्। भ्रष्ट, नालायक र गैरजिम्मेवार शासक-प्रशासकको अदूरदर्शी एवम् गैरजिम्मेवार व्यवहारका कारण टार्न सकिने कयौं विपत्तिबाट समेत नागरिकको घरबास उठ्ने अनि सयौं-हजारौंले अनाहकमा जीवन गुमाउने दुष्चक्र हरेक साल दोहोरिँदै आएको छ।

वर्षायाममा बाढी, पहिरो र डुबानबाट सयौं-हजारौं नागरिक निरन्तर प्रताडित हुँदै आएका छन्। हिउँदयाममा हावाहुरी र आगलागीजस्ता विपत्तिबाट फेरि थुप्रै नागरिकको बिल्लीबाठ हुने र निकै ठूलो जनधनको क्षति हुने गरेको छ। रोगव्याधिका विभिन्न महामारी चल्दा जुनसुकै सिजनमा धेरै नागरिकले ज्यान गुमाउने गरेका छन्। राज्यको गैरजिम्मेवारी र नागरिक स्वयम्‌को असावधानीका कारण सवारी दुर्घटनाले पनि गाउँका गाउँ र वस्तीका वस्तीलाई हरेक समय शोकविह्वल तुल्याउँदै आएको छ।

राष्ट्र र नागरिकको सुरक्षा गर्ने, विकास र समृद्धि ल्याउने अनि सुखशान्ति फैलाउने नारा फलाक्दै अनेकथरी राजनीतिक दल, समूह र व्यक्तिहरू आवश्यकताअनुसार जनताको घरदैलोमा 'नमस्कार' टक्र्याउन आइपुग्छन्। जब जितेर माला पहिरिन्छन् तब आ-आफ्नै दुनो सोझ्याउने र स्वार्थपूर्ति गर्ने 'धन्दा' मा लाग्दछन्। सदा झैं यसपालि पनि सबैजसो दलहरू भोट माग्दै जनता मुसार्न आउने 'सिजन' सुरु भइसकेको छ। र, ठीक यो बेला चर्को हुरीबतास, आगलागी र सपदङ्शका कारण नागरिक विक्षिप्त हुने सिजन समेत हो।

यहीबेला नागरिकले एकातिर आफ्नो सुरक्षाका निम्ति पर्याप्त सावधानी अपनाउनु जरुरी छ भने अर्कातिर भैपरी आउने र बारम्बार दोहोरिने विपत्तिबाट जनधन जोगाउन दल र उम्मेदवारहरूलाई यथासम्भव सचेत तुल्याउनु जरुरी छ।

# एमसीसी, संसदीय व्यवस्था र दलालहरू उत्पादन गर्ने कारखाना



**विचार-बहस**
**हुकुमबहादुर सिंह**

अमेरिकी साम्राज्यवादको अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) परियोजनामार्फत नेपालको राष्ट्रिय स्वाधीनतामाथिको चुनौती भएर खडा भएको छ। यस्तो अवस्था ल्याउनमा आफूलाई कम्युनिस्ट भन्ने संसदवादी दलहरू जिम्मेवार देखिएका छन्।

नेपालमा टनकपुर सम्झौतासम्म आइपुग्दा नेपालको प्राकृतिक स्रोत साधन (खासगरी जलसाधन) को असमान सम्झौता गर्ने नेपाली कांग्रेस मात्रै रहेको इतिहास थियो भने महाकाली सन्धिदेखि कम्युनिस्ट एमाले पनि असमान सन्धिमा सरीक भएको पाइन्छ। केपी ओली र माधव नेपालले नेपाली कांग्रेससँग मिलेर भारतसँग राष्ट्रघाती महाकाली सन्धी गर्न पुगेका थिए।

अहिले एमसीसी सम्झौतामा पुराना राष्ट्रघातीहरू नेपाली कांग्रेस र तत्कालीन केपी ओली र माधव नेपालले नेतृत्व गरेको नेकपा (एमाले)सँग नयाँ राष्ट्रघातीहरू देखिएका छन् 'बाबुरामले नेतृत्व गरेको जनता समाजवादी र प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्र।'

संसदमा दर्ता (विसं २०७६ असार ३० गते भएको ३२ महिनापछि फागुन १५ गते टेबुल गरे राती-राती संसदको बहुमतले पास गरेको नाटक मञ्चन गरिएको एमसीसी अमेरिकी विकास सहयोग हो कि अमेरिकी सैनिक घेराबन्दी हो, त्यसबारेको बहस यथावत छ। ५० करोड अमेरिकी डलर बराबरको अनुदान सहयोग भनिन्छ तर यो अनुदान होइन लगानी हो भनेर अमेरिकनहरू भनिरहेका छन्।

१९६० को दशकदेखि युएसएआइडी मार्फत रिण र अनुदान सहयोग गर्दै आएको अमेरिकाले पहिलो पटक एमसीए नेपालमार्फत यो काम गर्दैछ।

ती सहयोगहरू कागतमा ठूलो रकमका देखिन्छ, सही मानेमा त्यसको १५ प्रतिशत पनि जनताको स्तरमा गएर प्रतिफल देखिएका छैनन्। अमेरिकी सहयोग त कुनै कुनै त ५ प्रतिशत भन्दा नी कम जनताको स्तरमा पुगेको पाइन्छ।

विगतदेखि वर्तमानसम्म नेपालमा अनुदान सहयोग कमिशनको खेलमा ल्याइन्छन् र कमिशनमै सकिन्छन्। नेताहरूको मात्रै गरीबी निवारण भएका पशस्त उदाहरणहरू छन्।

**रूप र सारमा एमसीसी**

रूपमा सडक र विद्युत प्रशारण लाइनमा कायाँपल्ट ल्याउने अनुदान परियोजना भनिएको छ तर सारमा अस्ति बुधबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लीन्केनले भनेको अमेरिकाको क्षेत्रीय स्वार्थ पुरा गर्न ल्याइएको स्पट छ।

हो प्रथम अमेरिकी क्षेत्रीय स्वार्थ अनि त्यसको बाँछीटा नेपालको विकास। यो सम्झौतामा रणनीतिक सडक सञ्जालमा सडकको गुणस्तर कायम राख्ने भनिएको छ। रणनीतिक सडक सञ्जाल भनेको अमेरिकीहरूको विचारमा के हो ?

यस सम्झौताको मुख्य चासो हिन्दप्रशान्त रणनीतिमा असर पर्ने हो कि होइन र अमेरिकाको सैनिक रणनीतिभित्र पर्छ कि पर्दैन, भन्ने महत्वपूर्ण पक्ष हो।

अमेरिकी सरकारले मिलेनियम च्यालेज कर्पोरेसन (एमसीसी) सुरु गरेको १८ वर्ष (सन् २००४) बितिसकेको छ।

**यो परियोजनाको निम्न दुई परिकल्पना छन् :**

१. अमेरिकी साम्राज्यवाद माथि २१ औं शताब्दिमा आएको चुनौतीको सामना गर्ने उद्देश्यका साथ सोच विचार गरेर ल्याइएको परियोजना हो।

२. सधैं भरी, निरन्तर रूपमा आर्थिक, सामरिक लगायत सबै क्षेत्रमा अमेरिका पहिलो नै हुनुपर्दछ अमेरिका महाशक्ति बनिनै रहनुपर्छ भन्ने साम्राज्यवादी सोच र मान्यतालाई लागु गर्न यो परियोजनाको परिकल्पना गरिएको हो।

यदि अमेरिकी सरकारले बिना शर्त नेपालको विकासमा खर्च गर्न यो रकम दिएको भए, यसको विरोध हुने कुरै आउने थिएन। अन्य संस्थाहरूबाट आएको अमेरिकी सहयोग लिने कुराको कसले विरोध गरेको छ छैन। एमसीसी सम्झौतामा यस्ता प्रावधान छन् जसबाट अमेरिका नेपाल छिर्न चाहन्छ।

**उसका दुईवटा उद्देश्य छन्–**

१. नेपालका अमुल्य धातुहरू उत्खनन् गर्नु, जलस्रोत बिक्रि गरेर भारत वा तेस्रो देश लैजानु एवम्

२. नेपाललाई सामरिक अखाडा बनाएर अहिलेको विश्वमा देखा परेको अमेरिकाको पहिलो नम्बरको प्रतिस्पर्धी चीन सँग लड्नु।

यी सबै काम हाम्रा लागि घातक छन्। त्यसकारण, यसको गाम्भिर्यता बुझेर नै एमसीसी सम्झौता खारेज गरिनुपर्छ भनेर संघर्ष भैरहेको छ।

अहिले नेपालमा एमसीसी संभौताबारे तीन धारणाहरू देखा परेका छन्ः

पहिलो, 'एमसीसी संभौता राष्ट्रघाती भएको हुनाले यसलाई पूरै खारेज गर्नु पर्छ।

एमसीसीको खारेजीका लागि सडक संघर्ष गरिरहेका वामपन्थी र देशभक्तहरू दृढतापूर्वक यो नीतिमा उभिएका छन् र सडक संघर्षमा भूमिका खेलिरहेका छन्। संसदमा प्रतिनिधित्व गर्ने केही दलहरू पनि यसमा पर्दछन्।

दोस्रो, 'एमसीसी नेपालको आर्थिक विकासका लागि अमेरिकी सरकारले दिएको ठुलो अनुदान सहयोग भएको हुनाले यसलाई उम्काउनु हुँदैन, एमसीसी सम्झौतालाई जस्ताको तस्तै संसदबाट अनुमोदन गर्नु पर्छ।

एमसीसी अनुमोदन गर्नका लागि खर्च गरिएको अकुत रकमबाट लाभान्वित भएका केही राजनीतिक पार्टीका केही नेता र कार्यकर्ताहरू, एमसीएका कर्मचारीहरू, सरकारी वा गैरसरकारी क्षेत्रमा काम गरेका माथिल्लो स्तरका कर्मचारीहरू, र अमेरिकी सरकारको दलाली गर्नेहरू आदि इत्यादि यसमा पर्दछन्।

तेस्रो, एमसीसीमा भएका सबै प्रावधान राखेर जस्ताको तस्तै पारित गर्न सकिँदैन। नेपालको राष्ट्रिय हित विपरीत भएका प्रावधानलाई हटाएर

क्रमशः पाँचौं पृष्ठमा

# नत्र अपुताली...

**अपुतालीको सम्पत्ति स्थानीय तहको हुन सक्ने**

*अपुतालीको सम्पत्ति स्थानीय तहको हुन सक्ने समेत कानुनी व्यवस्था छ। अपुतालीको सम्पत्ति स्थानीय तहको हुन केही खास अवस्था विद्यमान हुनुपर्छ; केही नीति-नियमको अधिनमा रहेर अपुतालीको सम्पत्ति स्थानीय तहको हुन सक्छ।*

*मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद- ११ अन्तर्गत दफा २४८ मा अपुतालीको सम्पत्ति स्थानीय तहको हुने व्यवस्था छ।*

*दफा २४८ (१) मा भनिएको छ- 'कुनै व्यक्तिको अपुताली खुला भएमा र निजका हकवाला नभएमा वा भए पनि निजले त्यस्तो अपुताली स्वीकार नगरेमा मृतकको सद्गत तथा किरिया गर्दा लागेको खर्च कटाई र निजका साहु भए साहुको रकम भुक्तानी गर्दा पनि सम्पत्ति बाँकी रहेकोमा त्यस्तो सम्पत्ति सम्बन्धित स्थानीय तहको हुनेछ।'*

*दफा २४८ को (२) मा 'कुनै व्यक्तिको मृत्यु भएमा निजको कोही हकवाला रहेनछ र सम्पत्ति रहेछ भने निजको सद्गत गर्ने वा हरहिसाब राख्ने व्यक्तिले त्यस्तो कुराको सूचना तुरुन्त सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने' उल्लेख छ। सूचना प्राप्त भएको खण्डमा स्थानीय तहले सम्पत्तिमा दुई जना स्थानीय व्यक्ति साक्षी राखी मृतकको सम्पत्तिको विवरण तयार गरी त्यसको एक प्रति मुचुल्कासहित सम्बन्धित जिल्लास्तरीय प्रशासनिक कार्यालयमा पठाउनुपर्ने कानुनी व्यवस्था छ।*

*त्यसैगरी, सम्पत्तिको विवरणसहितको मुचुल्का प्राप्त भएमा मृतकको ठेगाना पत्ता लागेको खण्डमा त्यस्तो कार्यालयले मृतकको हकवालालाई तीन महिनाभित्र मृतकको सम्पत्ति बुझ्न आउन कानुनबमोजिम सूचना पठाउनुपर्ने कानुनी प्रावधान छ।*

*हकवालाले सम्पत्ति स्वीकार नगरेको खण्डमा वा उपदफा ४ बमोजिम म्यादभित्र मृतकको हकवाला उपस्थित नभएमा वा त्यस्तो हकवालाको ठेगाना पत्ता नलागेको खण्डमा त्यस्तो कार्यालयले मृतकको कुनै हकवाला भए पैंतीस दिनभित्र मृतकको सम्पत्ति दाबी गर्न आउनू भनी राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था छ।*

*ऐनको दफा २४८ (६) मा म्यादभित्र मृतकको हकवाला उपस्थित नभएको खण्डमा मृतकको सद्गत गर्दा लागेको खर्च कटाई वा त्यस्तो खर्च सद्गत गर्ने व्यक्तिलाई दिई त्यस्तो सम्पत्तिको दस प्रतिशत लिई बाँकी सम्पत्ति सम्बन्धित हकवालालाई फिर्ता दिनुपर्ने कानुनी व्यवस्था छ।*

*मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद- ११ अन्तर्गत दफा २४८ (७) मा म्यादभित्र मृतकको कुनै हकवाला उपस्थित नभएको खण्डमा वा निजको ठेगाना पत्ता नलागेको खण्डमा मृतकको सद्गद गर्दा लागेको खर्च सद्गत गर्ने व्यक्तिलाई दिई बाँकी रहेको सम्पत्ति सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ।*

*त्यसैगरी, दफा २४८ (८) मा भनिएको छ- 'उपदफा (१) वा (७) बमोजिम स्थानीय तहलाई प्राप्त भएको सम्पत्ति सम्बन्धित हकवाला वा उपदफा (३) बमोजिमको कार्यालयले कानुनबमोजिम स्थानीय तहलाई जिम्मा दिनु पर्नेछ।'*

*दफा २४८ (९) मा 'स्थानीय तहले यस दफाबमोजिम प्राप्त गरेको सम्पत्ति सार्वजनिक हितका लागि प्रयोग गर्नु पर्नेछ। यस्ता कानुनी प्रक्रिया पूरा गरेपछि मात्रै अपुतालीको सम्पत्ति स्थानीय तहले प्राप्त गर्न सक्छ। (होलेस्टिकबाट)*

# फड्को मार्दै...

सोही अवधिसम्म यी क्याम्पसबाहेक चिकित्साशास्त्रको उच्च शिक्षा दिने थप ३ वटा संस्थाहरू समेत सञ्चालित थिए र त्यहाँ सयौं विद्यार्थी अध्ययनरत थिए। यसबाहेक सीटीईभीटी अन्तर्गत प्राविधिक एसएलसी तथा डिप्लोमा पढाउने ७२ वटा आङ्गिक र ३ सय ४६ वटा सम्बन्धन प्राप्त गरी कूल ४ सय १८ वटा तालिम प्रदायक संस्थाहरू समेत सञ्चालित थिए। ती संस्थामा २५ हजार ३ सय १३ विद्यार्थी अध्ययनरत थिए।

कयौं पटकका राजनीतिक परिवर्तनपछि गणतान्त्रिक युगसम्म आइपुग्दासम्मको उल्लेखित तथ्याङ्कहरूको आधारमा आज नेपालको शैक्षिक अवस्था के-कस्तो छ, सहजै बुझ्न सकिन्छ। थप तथ्य-तथ्याङ्कको जरुरत नै पर्दैन।

**त्रिभुवन विश्वविद्यालय**

नागरिकलाई उच्च शिक्षा प्रदान गर्ने र नेपालको शैक्षिक डिग्रीलाई विश्वभर मान्यता दिलाउने उद्देश्यका साथ नेपालमा सञ्चालन हुने क्याम्पसहरूको छाता-संस्थाका रूपमा विक्रम सम्बत् २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो।

नेपालको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार पार्न, स्तरयुक्त उच्च शिक्षा प्रदान गर्न, विविध पक्षमा अनुसन्धान गर्न, राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण र विकास गर्न, कला, विज्ञान, प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र अनुसन्धानलाई व्यापक एवम् व्यावहारिक र समयसापेक्ष बनाउन यो विश्वविद्यालयको स्थापना गरिएको कुरा 'त्रिभुवन विश्वविद्यालय ऐन, २०४९' मा उल्लेख छ।

छोटकरीमा 'त्रिवि' का नामले चिनिने त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो वा जेठो र सबैभन्दा ठूलो विश्वविद्यालय हो। त्रिवि नै उच्च शिक्षाका लागि नेपालको पहिलो राष्ट्रिय शैक्षिक संस्था समेत हो।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय काठमाडौंको कीर्तिपुरमा अवस्थित छ। त्रिविको यो परिसर ३ हजार ४२ रोपनी ५ आना २ पैसा क्षेत्रफलमा फैलिएको छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान, विज्ञान तथा प्रविधि अध्ययन संस्थान र वनविज्ञान अध्ययन संस्थान गरी ५ वटा प्राविधिक शैक्षिक संस्थान तथा कानुन सङ्काय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय र शिक्षाशास्त्र सङ्काय गरी ४ वटा सङ्काय सञ्चालित छन्।

त्रिविले १ हजार ७९ शीर्षकमा स्नातक तथा १ हजार शीर्षकमा स्नातकोत्तर तहको शिक्षा प्रदान गरिरहेको छ। भित्रुभव विश्वविद्यालयले विद्यावारिधि अर्थात् पीएचडीका लागि समेत विभिन्न शीर्षकमा प्राविधिक तथा सङ्कायस्तरीय शिक्षा दिइरहेको छ।

त्रिविअन्तर्गत ९ सय ३१ वटा निजी क्याम्पसले दशकअघि नै सम्बन्धन लिइसकेका थिए, अहिले त्यो सङ्ख्या निकै बढिसकेको छ।

त्रिभुवन विश्वविद्यालयमा ७ हजार ९ सय ६६ विषयमा अध्यापन गरिन्छ। यहाँ १५ हजारभन्दा बढी अध्यापक तथा कर्मचारी कार्यरत छन्। ३८ वटा केन्द्रीय विभागहरू रहेको त्रिभुवन विश्वविद्यालयअन्तर्गत दशकअघि नै ६० वटा आङ्गीक क्याम्पस थिए, अहिले त्यो सङ्ख्या निकै बढिसकेको छ।

**शिक्षा क्षेत्रमा राज्यको लगानी**

अहिलेसम्म आइपुग्दा सरकारले पनि शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामै राखेर व्यवहार गर्न थालेको छ। चालू आर्थिक वर्षमा नेपाल सरकारले कूल राष्ट्रिय बजेटको दस प्रतिशतभन्दा बढी छुट्याएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अध्यादेशका माध्यमबाट जारी गराएको आर्थिक वर्ष २०७८/७९ को कूल बजेट १६ खर्ब ४७ अर्ब ५७ करोड हो। उक्त बजेटमध्ये १ खर्ब ८० अर्ब ४ करोड रुपैयाँ शिक्षा क्षेत्रमा खर्च गर्ने गरी राज्यले विनियोजित गरेको छ।

विश्वविद्यालयहरूलाई दिइने अनुदान अन्तर्गतको १८ अर्ब ३४ करोड रूपैयाँ समेत यही बजेटमा समावेश छ। यसअघिको आर्थिक वर्ष २०७७/७८ को बजेटमा शिक्षा क्षेत्रका लागि १ खर्ब ७१ अर्ब बजेट विनियोजन गरिएको थियो।

# फड्को मार्दै केन्द्रीय पुस्तकालय : शिखर चुम्दै पठन-संस्कृति



वृतचित्र
केदारनाथ गौतम

**त्रिवि केन्द्रीय पुस्तकालय**

राजधानीको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयकै हातामा अवस्थित 'त्रिवि केन्द्रीय पुस्तकालय' नेपालकै सबैभन्दा ठूलो पुस्तकालय हो। बिक्रम सम्बत् २०१६ सालमा त्रिविको स्थापना भएसँगै यो पुस्तकालय पनि स्थापित भएको हो।

त्रिपुरेश्वरस्थित एक घरका २ कोठाबाट सुरु भएको यो पुस्तकालय पछि कीर्तिपुर सरेको हो। जम्मा १ हजार २ सय वटा पुस्तकबाट थालनी भएको केन्द्रीय पुस्तकालयमा अहिले ४ लाख ३० हजारभन्दा बढी पुस्तक-कृति तथा विभिन्न दस्तावेज एवम् पाठ्यसामग्री सङ्ग्रहित छन्। यहाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू, अनेकौं अन्तर्राष्ट्रिय रिसोर्सहरू, बाउण्ड भोल्युम पेरियोडिकल्स, जर्नल, अखबार आदि समेत उपलब्ध छन्।

'त्रिवि केन्द्रीय पुस्तकालय' ले समयको मागअनुसार निरन्तर फड्को मार्दै र काँचुली फेर्दै आइरहेको छ। भौतिक उपस्थिति र सहभागितामा अध्ययन गर्ने 'फिजिकल स्टडी' को माध्यमका रूपमा रहेको यो पुस्तकालय क्रमशः विद्युतीय स्वरूप र माध्यममा रूपान्तरित हुँदै 'डिजिटल स्टडी हब' का रूपमा विकसित हुँदै गइरहेको छ।

बिक्रम सम्बत् २०७२ वैशाख १२ र २९ को विनाशकारी भूकम्पले अन्य क्षेत्रमा जस्तै केन्द्रीय पुस्तकालयमा पनि निकै क्षति पुर्‍यायो। पुस्तक र अध्ययन सामग्रीहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि र पाठकहरूको बढ्दो चापका कारण त्यसै पनि भवन, अध्ययन कक्ष, भौतिक स्रोत-साधन र जनशक्तिको अभाव खड्कँदै गइरहेकै थियो। झन् भूकम्पले पुर्‍याएको क्षति र त्यसले सिर्जना गरिदिएको अस्तव्यस्तता चिर्दै अघि बढ्न केन्द्रीय पुस्तकालयमा ठूलै उथलपुथल जरुरी थियो।

यिनै चुनौतीको सामना गर्ने क्रममा केन्द्रीय पुस्तकालयले डिजिट-लाइजेसन प्रक्रिया तीव्र बनायो। फलस्वरूप केन्द्रीय पुस्तकालयमार्फत १ लाख ५० हजारभन्दा बढी पुस्तक, ७ हजार ५ सयभन्दा बढी थेसिसहरू र लाखौं सन्दर्भ सामग्रीहरू अनलाइन माध्यमबाट डिजिटल स्वरूपमा उपलब्ध भइसकेका छन्।

पुस्तकालयलाई अझै सुविधासम्पन्न, अत्याधुनिक र विस्तारित गर्ने उद्देश्यका साथ ३६ करोड ११ लाख ६६ हजार २ सय ९१ रूपैयाँको लागतमा नयाँ भवनको निर्माण भइरहेको छ। १ चैत, २०६८ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलबाट निर्माणाधीन भवनको शिलान्यास भएको छ। सिलान्यास समारोहमा भारतीय राजदूत विनयमोहन क्वात्रा, मन्त्रालयका उच्चाधिकारीहरू, त्रिविका पदाधिकारीहरू र कार्यान्वयन इकाईका आयोजना निर्देशक रामशरण सापकोटा, पुस्तकालय प्रमुख पूर्णलाल श्रेष्ठ एवम् अन्य अधिकारीहरूलगायत उपस्थित थिए।

७ हजार ८ सय ७५ स्क्वायर मिटर क्षेत्रफलमा बनिरहेको तीनतले यो भवनमा लिफ्टसहित हिटिङ-कुलिङ सिस्टम समेत हुने छ। शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाईमार्फत निर्माणाधीन यो भवन 'भूकम्पपश्चात शैक्षिक क्षेत्र पुनर्निर्माणमा भारतीय अनुदान' मा बनिरहेको हो। निर्माणको जिम्मेवारी लिएको कम्पनी केसी हनुमान जेभीसँग कार्यारम्भ भएको १५ महिनाभित्र निर्माण सम्पन्न गरेर उक्त भवन हस्तान्तरण गरिसक्ने सम्झौता गरिएको छ।

मुख्यतः राजधानी काठमाडौं र सामान्यतः देशभरका विभिन्न विद्यालय र विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक, शोधार्थी, अनसन्धाता आदि पुस्तकालयका प्रमुख प्रयोगकर्ता हुन्। लोकसेवा, शिक्षकसेवा, त्रिविसेवा, सेना, प्रहरी, संस्थान आदिमा रोजगारीका लागि प्रतिस्पर्धा गर्ने परीक्षार्क्षीहरू केन्द्रीय पुस्तकालयका अरु महत्त्वपूर्ण प्रयोगकर्ता हुन्।

यस पुस्तकालयले हार्डकपी र सफ्टकपी अर्थात् अनलाइन अध्ययन सुविधाका अतिरिक्त अर्को महत्त्वपूर्ण सेवा पनि प्रदान गर्दै आइरहेको छ। त्यो सेवा भनेको आईएसबीन सेवा हो। इन्टरन्यासनल स्ट्यान्डर्ड बुक नम्बर अर्थात् आईएसबीन प्रदान गर्न नेपालको एक मात्र संस्था केन्द्रीय पुस्तकालय नै हो। आईएसबीएनको राष्ट्रिय एजेन्सीका रूपमा १२ माघ, २०५६ देखि केन्द्रीय पुस्तकालयले यो सेवा प्रदान गर्दै आइरहेको छ।

केन्द्रीय पुस्तकालयको अर्को महत्त्वपूर्ण सेवा हो- एन्टिप्लेजियरिजम सफ्टवेयर। 'बौद्धिक चोरी' नियन्त्रणका लागि त्रिविले खरिद गरेको यो सफ्टवेयर सञ्चालन र व्यवस्थापनको जिम्मेवारी यही पुस्तकालयले पाएको छ। त्रिविअन्तर्गतका विभिन्न क्याम्पस र निकायहरूलाई युजर आईडी दिएर थेसिस, अनुसन्धान रिपोर्ट र लेखहरूको प्लेजियरिजम टेस्ट गर्न सघाउने काम पनि यही पुस्तकालयले गरिरहेको छ।

केन्द्रीय पुस्तकालयमा पुस्तक तथा पाठ्यसामग्रीका विभिन्न खण्डहरू छन्। यहाँ पाठ्यपुस्तक, नेपाल कलेक्सन तथा थेसिस, सन्दर्भसामग्री, सिंह कलेक्सन, शान्ति-नारायण, युएन डिपोजिटरी, चिनियाँ पुस्तक र कृतिहरू; पाण्डुलिपि, दुर्लभ पुस्तक तथा त्रिवि आर्काइभ, अभिलेखसङ्ग्रहहरू, नक्सा सङ्ग्रह, साधारण पुस्तकपुस्तिका, नेपाली पत्रिका, अनुसन्धान पत्रिका आदिजस्ता पाठ्यसामग्रीका कलेक्सन वा खण्डहरू छन्। यस पुस्तकालयमा अडियो बुक्स, माइक्रोफिल्म, डिजिटल, बाइन्डिङ, आईएसबीएन, प्लेजियरिजम टेस्टलगायतका थप शाखाहरू समेत सञ्चालित छन्।

कतिपयले नेपालमा अहिले पठन-संस्कृति हराउँदै गएको पनि भन्ने र ठान्ने गर्दछन्। तर, केन्द्रीय पुस्तकालय पुग्दा पटक्कै त्यस्तो लाग्दैन। पढ्नेहरूको अत्यधिक भीडका कारण पुस्तकालयमा बसेर अध्ययन गर्ने ठाउँ नै नपाइने भएकाले पाठकहरू बिहान झिसमिसेमै पुस्तकालय पुगेर लाइन लाग्ने गरेका छन्। धेरैलाई आश्चर्य लाग्न सक्छ र पत्याउन पनि गाह्रो पर्छ तर यहाँ रातको दुईबजेदेखि नै पढ्नेहरूको लाइन लाग्छ। र, साँझ अबेरसम्म पनि त्यो क्रम जारी नै रहन्छ।

**नेपालको शैक्षिक इतिहास**

विगततिर फर्केर हेर्ने हो भने नेपालमा पठन-संस्कृति र लेख-पढको इतिहास धेरै पुरानो छ। राज्यस्तरबाट औपचारिक शिक्षा सुरु हुनुभन्दा धेरै अघिदेखि नै पारिवारिक हिसाबमै र कतै-कतै समुदायका तर्फबाट समेत हिन्दू-वैदिक शिक्षा लिने-दिने प्रचलन थियो। बौद्ध धर्म-दर्शनको प्रारम्भ भएपछि बिहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्म-दर्शनमै आधारित शिक्षा लिने-दिने क्रम सुरु भयो। त्यस कालमा निकै सीमित मात्रामा र विशेषतः गुरुकुल प्रणालीमा आधारित परम्परागत संस्कृत र बौद्ध शिक्षा लिने-दिने प्रचलन थियो।

एकीकृत र केन्द्रीकृत नेपालको निर्माण भइसक्दा र त्यसले लामै समय शासन गरिसक्दासम्म पनि शिक्षा क्षेत्रलाई राज्यले आफ्नो दायित्व ठानिसकेको थिएन। शिक्षाका निम्ति राज्यले कुनै पनि लगानी गर्दैनथ्यो; अनेक धार्मिक सङ्घ-संस्था, गुठी र केही मनकारी व्यक्तिहरूले दिएका दान-दातब्यमै शिक्षा लिने-दिने क्रम निर्भर थियो।

बिक्रम सम्बत् १९१० मा 'दरबार स्कुल' को स्थापनासँगै नेपालमा औपचारिक, सरकारी र अङ्ग्रेजी समेत पढाइ हुने शिक्षा प्रणालीको जग बस्यो। विक्रम सम्बत् १९७५ मा त्रि-चन्द्र कलेजको स्थापना भएपछि नेपालमा उच्च शिक्षाको समेत सुरुआत भयो।

बिक्रम सम्बत् २००७ सालको राजनीतिक परिवर्तनसम्म आइपुग्दा पनि नेपालको शैक्षिक अवस्था ज्यादै नाजुक थियो। त्यसबेला नेपालका २ प्रतिशत नागरिक मात्रै साक्षर रहेको, ३ सय २१ वटा प्राथमिक र ११ वटा माध्यमिक विद्यालय तथा एउटा मात्रै कलेज सञ्चालनमा रहेको तथ्य 'राष्ट्रिय शिक्षा आयोग, २०४९' ले उल्लेख गरेको छ।

त्यसबेला त्रि-चन्द्र क्याम्पसबाहेक पनि एउटा संस्कृत विद्यालय र अर्को आयुर्वेद विद्यालय गरी दुईवटा शिक्षण संस्थाले अनौपचारिक रूपमै उच्च शिक्षा समेत दिइरहेको कुरा 'शाही उच्च शिक्षा आयोग, २०४०' ले उल्लेख गरेको छ।

तर, अहिलेको अवस्था ऊ बेलाको जस्तो छैन। मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भइसक्दासम्म अर्थात् बिक्रम सम्बत् २०६८ सालसम्म आइपुग्दा आधारभूत एवम् प्राथमिक विद्यालयको सङ्ख्या नै ३३ हजार ४ सय ४ पुगिसकेको थियो। तीमध्ये ८६ दशमलव १ प्रतिशत सामुदायिक र १३ दशमलव ९ प्रतिशत निजी स्तरबाट सञ्चालित विद्यालय छन्। यसबेलासम्म प्राथमिक तहमा मात्रै १० लाख ५६ हजार ४ सय ३० विद्यार्थी पढ्थे र तीमध्ये ४८ दशमलव १ प्रतिशत छात्रा थिए।

२०६८ कै तथ्याङ्कअनुसार नेपालमा ३४ हजार ३ सय ६१ विद्यालय सञ्चालनमा थिए। त्यसबेला आधारभूत तहमा ६५ लाख ९५ हजार ५ सय ६५ जना र माध्यमिक तहमा ८ लाख ४८ हजार ५ सय ६९ जना विद्यार्थी अध्ययनरत थिए। माध्यमिक तहमा पढ्नेमध्ये ४९ दशमलव ७ प्रतिशत छात्रा थिए।

बिक्रम सम्बत् २०६८ ताका विद्यालय तहमा पढाउने २ लाख ५८ हजार २ सय ३७ शिक्षक थिए। यीमध्ये १ लाख ७३ हजार ७ सय १४ शिक्षकले प्राथमिक तहमा पढाउँथे र तीमध्ये ४२ दशमलव २ प्रतिशत महिला शिक्षक थिए भने माध्यमिक तहमा पढाउनेमध्ये पनि १७ दशमलव ६ प्रतिशत महिला शिक्षक थिए।

सोही अवधिमा नेपालमा ३ हजार ३ सय ८३ वटा उच्च माध्यमिक विद्यालय थिए। यीमध्ये २ हजार ४ सय ९९ वटा सामुदायिक र ५ सय ८९ वटा निजी क्षेत्रबाट सञ्चालित थिए। त्यसबेला कक्षा ११ र १२ मात्रै पढाउने निजी क्षेत्रबाटै सञ्चालित १ सय ३६ वटा उच्च माध्यमिक क्याम्पस पनि थिए। यी सबैमा गरी ६ लाख ५५ हजार ४ सय १५ जना विद्यार्थी अध्ययनरत थिए, तीमध्ये ४६ दशमलव ८ प्रतिशत छात्रा थिए।

गणतान्त्रिक युगको प्रादुर्भाव हुँदासम्म नेपालमा ९ वटा विश्वविद्यालय र ती अन्तर्गतका ९० वटा आङ्गिक तथा १ हजार १२ वटा सम्बन्धन प्राप्त क्याम्पस गरी कूल १ हजार १ सय २ वटा क्याम्पस थिए। कूल क्याम्पसहरूमध्ये ५२ दशमलव ४ प्रतिशत क्याम्पस त्रिभुवन विश्वविद्यालय अन्तर्गत नै सञ्चालित थिए। त्यसबेला ४ लाख १२ हजार ५ सय ४० जना विद्यार्थी उच्च शिक्षा अध्ययनरत थिए र तीमध्ये ४१ दशमलव ६ प्रतिशत छात्रा थिए।

क्रमशः दोस्रो पृष्ठमा



# जनताको मत माग्दै प्रतिस्पर्धी दलका नेता टोलटोलमा

**बाजुरा ।** स्थानीय तहको निर्वाचन नजिकँदै गर्दा जिल्लास्थित विभिन्न क्षेत्रमा प्रतिस्पर्धी दलका नेताहरू जनताका घरदैलो अर्थात टोलटोलमा पुगेका छन् । आगामी वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको चुनावका लागि जिल्लाका ठूला राजनीतिक दल चुनावी प्रचारप्रसारको सरगमी बढेको हो । जिल्लास्थित राजनीतिक दलका नेताहरू आफ्ना पक्षमा मत माग्न गाउँगाउँ र टोलटोलमा सक्रिय भएका छन् । पाँच वर्षको नेतृत्व लिनका लागि नेपाली काग्रेस र नेकपा (एमाले) बीचको प्रतिस्पर्धा हुने देखिएको छ । जिल्लास्थित स्थानीय तहको पहिलो पार्टीका रूपमा रहेको नेपाली काग्रेसले आठ पालिकासहित जिल्ला समन्वय समितिको नेतृत्व सम्हाल्ने गरी पार्टीको चुनाव प्रचारप्रसार थालेको छ भने २०७४ को स्थानीय निर्वाचनमा तीन पालिकामा हाल दुई पालिकामा नेतृत्व लिएको एमाले पनि आठ पालिकाको नेतृत्व लिने गरी चुनावी रणनीति बनाएर गाउँमा गएको छ ।

नौवटा पालिकाका वडामा वडाध्यक्ष र पालिकासम्म र पालिकासम्ममा उपप्रमुखको मागसहित नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) भने पाँच दलीय सरकारमा भएकाले नेपाली काग्रेससँग गठबन्धन गरेर जानेतर्फ छलफल गरिरहेको बताइन्छ ।

गत निर्वाचनमा नेपाली कांग्रेस जितेको स्वामीकार्तिक, गौमूल र जगन्नाथ गाउँपालिकामा अहिले कांग्रेस कमजोर मात्रै छैन ती स्थानमा एमाले र एकीकृत समाजवादीको सरकार रहेको र अन्य दुई पालिकामा एमालेको सरकार छ ।

बाँकी चार नगरपालिका र दुई गाउँपालिका नेपाली काग्रेसको सरकार रहेको छ भने विसं २०७४ को स्थानीय तहको निर्वाचनमा बूढीगंगा, बडीमालिका, त्रिवेणी, बूढीनन्दा नगरपालिका तथा हिमाली एवं खप्तड छेडेदह गाउँपालिकामा काग्रेसको सरकार छ ।

# मतगणना जारी : बढारिँदै प्रतिगमनको समर्थक पक्ष

**काठमाडौं ।** नेपाल बार एसोसिएसनको २६औं केन्द्रीय कार्यसमितिको निर्वाचनको मतगणनामा भइरहँदा अध्यक्ष पदका उम्मेदवारमध्ये कसले विजय हासिल गर्ला भनेर जिज्ञासा बढिरहेको छ । हालसम्म २५ वटा केन्द्रको मतगणना सकिँदा बृहत लोकतान्त्रिक प्रगतिशील समावेशी तथा पेशागत कानून व्यवसायी समूह तर्फबाट अध्यक्ष गोपालकृष्ण घिमिरे अगाडि देखिएका छन् ।

हालसम्मको मत गणना गरिएको तीनहजार दुईसय तीन मतमध्ये उनले एक हजार नौसय ९० मत प्राप्त गर्दै अग्रस्थानमा देखिएका छन् भने प्रगतिशील तथा पेशागत कानून व्यवसायी समूहका अध्यक्ष विष्णुमणि अधिकारीले एक हजार चार मत प्राप्त गरी प्रतिस्पर्धा दोस्रो स्थानमा देखा परेका छन् ।

नेपाल बार एसोसिएसन, २०७८ का प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता उषामल्ल पाठकले २५ केन्द्रको मतगणना सकिएको, अन्य ६ स्थानमा गणना जारी रहेको र थप दुई स्थान समेत गणना थालिने जानकारी दिए । मतगणना सकिएका स्थानहरूमा घिमिरेको नेतृत्व रहेको समूहको अग्रता देखिएको छ ।

यस्तै महासचिवमा अञ्जिता खनाल एक हजार सातसय ६५ मत प्राप्त गरेकी छन् भने उनकी प्रतिस्पर्धी केदारप्रसाद कोइरालाले एक हजार एकसय ५७ मत तथा कोषाध्यक्ष भरतबहादुर राउतले एक हजार नौसय २८ मत एवं उनका प्रतिस्पर्धी जगतबहादुर कार्कीले एक हजार ६६ मत प्राप्त गरेका छन् ।

मंगलबार बिहानदेखि थालनी भएको मतगणना शुक्रबारसम्ममा सम्पूर्ण मतगणना सकिएर नतिजा सार्वजनिक हुने तयारी भइरहेको प्रमुख निर्वाचन अधिकृत पाठकले जानकारी दिए । नेपाल बारको अध्यक्षसहित ११ पदाधिकारी तथा सदस्य गरी २५ कार्यसमितिका लागि यही चैत १९ गते काठमाडौं केन्द्रसहित देशभर ३५ स्थानका नौ हजार सातसय आठ मतदातामध्ये सात हजार चारसय २९ मत खसेको अधिकृत पाठकले बताए ।

# मिथिलाञ्चलमा चैते छठको रौनक

**सुनसरी ।** संसार जगतलाई उज्यालो प्रकाश दिने जीवनदायी सूर्यको उपासना गर्ने परम्पराअनुसार उदाउँदो र अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै मिथिलाञ्चलमा चैते छठ मनाइएको छ । प्रत्येक वर्ष शरद र वसन्त ऋतु गरी वर्षमा दुई पटक मनाइने छठ पर्वमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म दैनिक समान विधिले सूर्यलाई विशेष अर्घ्य मनाउने प्रचलन रहेको छ ।

सत्य तथा अहिंसाप्रति मानवको रुचि बढाउन र सबै जीवप्रति सहानुभूति राख्न प्रेरित गर्ने पर्वका रूपमा सूर्यको उपासना गर्ने परम्परा रहँदै आएको मानिएको छ । जलेश्वरनाथ महादेव मन्दिरका पूजारी कालिकान्त झाले पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्तिलगायत विभिन्न मनोकांक्षा पूर्तिका लागि श्रद्धापूर्वक छठपर्व मनाइने बताए ।

दिनभर निराहार बसेका श्रद्धालुहरूले राति पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनमा जम्मा भएर छठ देवतालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गर्दै नुनविनाको खाना अरबाइन खाने प्रचलन रहेको छ ।

छठको तेस्रो दिन साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान पिसान गरी त्यसबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलिया खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाजर, बेसारको गाँबो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाइलो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म जाने गर्छन् ।

# शब्दले बोल्न नसक्ने सबै कोणबाट तस्बिरले बोल्छ : मन्त्री भुसाल



**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले अक्षरभन्दा तस्वीरले नै धेरै बोल्ने बताएकी छन् । चैत २२ बाट नेपाल पर्यटन बोर्डमा सुरु भएको राष्ट्रिय समाचार समिति (रासस)का फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठको एकल फोटो प्रदर्शनीको अवलोकन गर्दै मन्त्री भुसालले अक्षरले एउटा कोणबाट मनन गर्ने विषयलाई तस्वीरले धेरै कोणबाट व्याख्या र विश्लेषण गर्ने बताएकी हुन् ।

विशेषगरी मध्यपुरथिमि र भक्तपुर नगरपालिकामा मनाइने ऐतिहासिक बिस्का जात्राको पृष्ठभूमिलाई केन्द्रबिन्दुमा राखेर संकलन गरिएका तस्वीर रहेका प्रदर्शनीले सम्पदा र संस्कृतिको संरक्षण र पुस्तान्तरणमा परम्पराको जगेर्ना गर्ने मन्त्री भुसालको बुझाइ थियो ।

एक सयभन्दा धेरै फोटो राखिएका सो प्रदर्शनीमा समावेश तस्वीरहरू नेवार समुदायको कला र सांस्कृतिक सिर्जनामा शिल्प भरेको छ । नेवार जातिले मनाउने विभिन्न भोजभतेर र चाडपर्वमा बजाइने थरिथरिका नृत्य एवं बाजा, विभिन्न समयमा पूजा गरिने देवी तथा देवताको महिमालाई तस्वीरका माध्यमबाट सजिलै बुझ्न सकिन्छ ।

यसअघि फोटो पत्रकार श्रेष्ठले देश भित्र र बाहिर समेत देशका विभिन्न स्थानमा सयम-समयमा भएका घटना, परिवेश र संस्कृतिका एकल फोटो प्रदर्शनी गरिसक्नुभएको छ ।

यस्तै अर्को कार्यक्रम ललितत चम्बर अफ कमर्सको दोस्रो वार्षिक साधारणसभाको उद्घाटनमा बोल्दै ठूलो राजनीतिक परिवर्तन सार्वजनिक, निजी र सहकारी गरी तीनखम्बे अर्थनीति अवलम्बन गरी देशको आर्थिक विकास गर्न सकिन्छ भन्ने लक्षय लिइएको स्मरण गरिन् ।

लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध नेपाल निर्माणका लागि निजी क्षेत्रले सरकारलाई सघाउन पर्नेमा उनको जोड थियो ।

# वसन्ती नवरात्र अर्थात् चैतेदसैंका अवसरमा शक्तिपीठमा भीडभाड

**काठमाडौं ।** चैत्र शुक्लपक्षको नवरात्रका अवसरमा देशभरका शक्तिपीठमा श्रद्धालीहरूको भीड लागेको हो । चैत १९ गतेदेखि सुरु भएको चैत्र नवरात्रका अवसरमा राजधानीलगायत मुलुकभरका विभिन्न शक्तिपीठमा श्रद्धाली भक्तजनले श्रद्धाभक्ति प्रकट गरेका हुन् ।

शक्तिपीठमा बुधबार, बिहीबार र शुक्रबारलाई देवीको पूजा तथा आराधना गर्ने बारका रूपमा समेत लिने मान्यताअनुसार ती दिनहरूमा शक्तिपीठमा भक्तजनको भीड लाग्ने गरेको धर्मशास्त्रविद प्राडा रामचन्द्र गौतमले बताए । चैत नवरात्रका अवसरमा राजधानीका गुह्येश्वरी, जयबागेश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभाभगवती, विजेश्वरी, इन्द्रायणी, रक्तकाली, श्वेतकाली, दक्षिणकाली, चामुण्डामाई, सुन्दरीमाई, बज्रयोगिनीलगायत मन्दिरमा भक्तजनहरूले पूजाअर्चना गरेका छन् ।

यसै अवसरमा उपत्यका बाहिरका पाथीभरा, छिन्नमस्ता, गहवामाई, पलाञ्चोक, नाला भगवती, चण्डेश्वरी, मनकामना, इच्छाकामना, विन्ध्यवासिनी, बागलुङ कालिका, उग्रतारा, शैलेश्वरीलगायत देशभरका देवी मन्दिरमा पनि भक्तजनको भीड लागेको हो ।

चैत्र नवरात्रका रूपमा मनाइने यही अवसरमा शक्तिपीठमा दर्शन गरेमा मनोकामना पूरा हुने, सुख, शान्ति पाइने धार्मिक विश्वास रहँदै आएको छ । विशेषगरी यस वर्ष चैत २६ देखि २८ गते सोमबारसम्म सप्तमी, अष्टमी र नवमी गरी तीन दिनसम्म धुमधामका साथ नवरात्र मनाइनेछ ।

वर्ष भरका चारवटा नवरात्र नवरात्रमध्ये आश्विन र चैत्र शुक्ल पक्षमा पर्ने नवरात्रलाई विशेष रूपमा तथा पुस र असार शुक्ल पक्षका नवरात्रलाई विशेष साधना गर्नेले मात्र मनाउन गर्छन् । यसमध्ये पनि आश्विन शुक्ल पक्षको नवरात्रलाई भने नेपालमा राष्ट्रिय पर्व बडा दशैंको रूपमा भव्यताका साथ मनाउने गरिँदै आएको छ ।

# घृणाले होइन, सद्भावले अधिकार प्राप्त हुन्छ : अध्यक्ष नेपाल



**धनुषा ।** नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले नेपाललाई समृद्धशाली बनाउने घृणा त्यागेर सदभाव फैलाउनु पर्नेमा जोड दिएका छन् । पूर्वप्रधानमन्त्री समेत रहेको एसका अध्यक्ष नेपालले विविध संस्कृति र भाषाभाषी मिलेर बनेको नेपाललाई समृद्ध राष्ट्र बनाउन एकताबद्ध प्रयास आवश्यक रहेको भन्दै त्यसका लागि सदभाव र सहकार्यको खाँचो रहेको बताएका छन् ।

अधिकार प्राप्तिका लागि घृणा नभई सदभाव एवं सहकार्यको आवश्यकता भएको चर्चा गर्दै उनले आफू प्रधानमन्त्री भएका बेलामा नै विद्यापति कोषको स्थापना भएको पनि बताए ।

मैथिली विकास कोषद्वारा जनकपुरधाममा सुरु भएको 'जनकपुर साहित्य, कला तथा नाट्य महोत्सव'को उद्घाटन गर्दै मैथिली भाषा तथा संस्कृतिको इतिहास पाँच हजार वर्ष पुरानो भएकाले यसको विकासका लागि यसखाले महोत्सव महत्वपूर्ण रहेको धारणा व्यक्त गरेका हुन् ।

मुलुकको विविधतालाई सही किसिमले व्यवस्थापन गर्न आवश्यक भन्दै उनले मैथिली भाषा तथा साहित्यको समृद्धिका लागि राज्यबाट हुनुपर्ने सहयोग गराउनका लागि आफू तयार रहेको समेत बताए । यसैबीच मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मधेस प्रदेश सरकारले चाँडै भाषा, साहित्य तथा संस्कृतिको विकास एवं संरक्षणका लागि मधेस प्रज्ञा-प्रतिष्ठान स्थापना गर्ने तथा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री शत्रुधन महतोले मैथली भाषा संरक्षणका लागि आफ्नो मन्त्रालय विभिन्न चरणमा सहयोग गर्न तयार बताए ।

सोही क्रममा अध्यक्ष नेपालले मैथिली विकास कोषले उपलब्ध गराउँदै आएको 'डा धीरेन्द्र साहित्य संस्कृति पुरस्कार २०७७' भाषा वैज्ञानिक 'डा रामअवतार यादव र सलहेश सांस्कृतिक पुरस्कार २०७७' डा आभास लाभलाई प्रदान गरेका थिए । गीत, संगीत, नृत्य र झाँकी प्रदर्शनका साथ सुरु भएको महोत्सवमा मैथिली भाषा साहित्यको विभिन्न विषय केन्द्रित छलफल गरिने समेत आयोजकले जानकारी दिए ।

# 'महिलाको हक–अधिकार स्थापित गराउन नेतृत्वमा महिला नै चाहिन्छ'

**काठमाडौं ।** स्थानीय तहको चुनाव नजिकँदै गर्दा म्याग्दीका महिलाहरूले उपल्लो तहमा पुरुषको वर्चस्व कायम रहेकाले महिलाको हक-अधिकार दिलाउने विषय पछाडि परेको बताएका छन् । जिल्लाका धवलागिरि गाउँपालिकामा बाहेक पाँचवटै स्थानीय तहमा महिलालाई उपप्रमुखमा खुम्च्याइएकाले आगामी वैशाख ३० गते हुने गइरहेको स्थानीय तहको चुनावमा महिलाले प्रमुख पद पाउनु पर्ने उनीहरूको माग छ ।

जिल्लामा सक्रिय ठूला राजनीतिक दलका नेतृत्व तहमा महिलाको संख्या कम हुँदा नीति निर्माणको तहमा महिलाका मुद्दा उठाउन र समतामूलक समाज निर्माणमा पनि समस्या देखिएको उनीहरूको आरोप छ । रघुगंगा गाउँपालिकाका उपप्रमुख कमला तिलिजाले राजनीतिमा महिला सहभागिता बढ्दै गए पनि मूल नेतृत्वमा महिलाको सहभागिता 'क्लस्टर'मा मात्रै सीमित रहने गरेकोले आशातित परिणाम आउन नसकेको बताइन् ।

उता जिल्लाका ४५ वटै वडामध्ये एक्ली महिला वडाअध्यक्ष मालिका-५ की वडाअध्यक्ष पिपला बुढाले निर्धारित कोटाअनुसार नै महिलाले ठाउँ पाउने गरेको बताउँछिन् भने मालिकाकी उपाध्यक्ष खरमाय बिटालु यस पटक आफूले अध्यक्षमा उम्मेदवारी दिने सोचमा रहेको बताउँछिन् । यसबाट जिल्लाको राजनीतिमा महिलाको प्रभुत्व बढ्दै गएको देखिन्छ ।

संघ र सरकारमा समेत महिला तथा बालबालिका मन्त्री भइसक्नु भएकी थममाया थापा, गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्री हुनुभएकी नरदेवी पुन, धवलागिरि गाउँपालिकाकी अध्यक्ष थमसरा पुन, नेपाली कांग्रेसकी नेतृ विमला गौचन, बिना खड्का, अमृतदेवी बानियाँ, मनकुमारी विसी, बेनी नगरपालिकाकी उपप्रमुख सञ्जु बरुवाललगायत महिलाले जिल्लामा आफूहरूको राम्रो प्रभाव रहे पनि अन्य महिला भने अवसरको अभावमा तल्लो तहमा मात्रै सीमित रहन बाध्य बताउँछन् ।

विसं २०७४ को स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट निर्वाचित मालिकाकी उपाध्यक्ष बिटालु, मंगलाकी उपाध्यक्ष सिर्जना केसी, नेपाली कांग्रेसबाट उपाध्यक्षमा निर्वाचित रघुगंगाकी कमला तिलिजा र अन्नपूर्णकी केशमाया मगर र राप्रपाबाट बेनीकी उपप्रमुखमा निर्वाचित सञ्जु बरुवालको राजनीति प्रभाव र कार्यशैली सन्तोषजनक देखिए पनि दलले भने प्रमुखमा हत्तपत्त विश्वास गरिहाल्ने शंका व्यक्त गर्छन् ।


महिलाको हितका लागि नमूनायोग्य काम गरेको दावी गर्ने बिटालुले आफू प्रमुख पदका लागि अब्बल उम्मेदवार रहेको टिप्पणी गर्दै आएकी छन् भने अन्नपूर्ण केशमायाले उपाध्यक्ष भएर काम गर्दा महिलालाई निक्कै सकस खेप्नु परेको भन्दै यस पटक आफूले अध्यक्ष पदका लागि उम्मेदवारी दिने बताइन् ।

निर्वाचन आयोगका अनुसार म्याग्दीमा पुरुषभन्दा महिला मतदाता बढी नै रहेका छन् । आयोगको आँकडाअनुसार आगामी निर्वाचनमा ४१ हजार चारसय १४ पुरुष तथा ४३ हजार नौसय ६० महिला र एक तेस्रो लिंगी मतदाता रहेका छन् ।

# नेपालका राजनीतिक दल/समूहहरू र हाम्रो दृष्टिकोण

नेपाली कांग्रेस पुरानो संसदवादी दल हो र त्यसले आफूलाई संसदीय लोकतन्त्रको मूल प्रतिनिधि ठान्दछ। परन्तु, त्यो वैचारिक तथा राजनीतिकरूपमा पुरानै ठाउँमा छ र त्यसले आफूलाई बाह्यरूपमा पनि नयाँ जस्तो देखाउ सकेको छैन।

त्यसले एकातिर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका हक-हितको प्रतिनिधित्व र अर्कोतिर साम्राज्यवाद तथा विस्तारवादको दलाली गर्दछ। त्यो यथास्थितिवादी मात्र नभई पश्चगामी शक्ति पनि हो र त्यसको गन्तव्य अतीततिर नै सोझिँदै गएको छ।



दस्तावेज

मोहन वैद्य 'किरण'

**नेकपा (एमाले)**

हिजोको माले-एमाले र भरखरै डबल नेकपाबाट सर्वोच्च अदालतद्वारा पुरानै नाममा बहाल गरिएको एमालेले एकातिर बाह्यरूपमा निकै तामझामका साथ आफूलाई निकै उपल्लो तहको शक्ति देखाएर महाधिवेशन गऱ्यो भने अर्कोतिर आन्तरिकरूपमा वैचारिक तथा राजनीतिक दृष्टिले बहुलबादी संसदवादी विचारधारालाई यथावतै अवलम्बन गर्नु पुग्यो।

अर्को शब्दमा भन्नुपर्दा रूपमा त्यसले आफूलाई 'महाकम्युनिस्ट' देखाउने धृष्टता गरेको छ भने सारमा कांग्रेसी संसदवादभन्दा पनि अझ पर प्रतिगामी स्वरूपको सर्वसत्तावादलाई आफ्नो गन्तव्य बनाउन र साम्राज्यवाद तथा विस्तारवादको दलाली गर्नु परेको छ।

**नेकपा (माओवादी केन्द्र)**

एमालेमा बिलिन भई डबल नेकपा बनिरहने मनसुवा भए पनि अदालतद्वारा पुनर्बहाली भई पुरानै भेषमा प्रकट हुन बाध्य भएको माओवादी केन्द्र सम्मेलन गर्ने भन्दै आएकामा अचानक महाधिवेशनमा छलाङ हान्न पुग्यो। त्यसले रूपमा आत्मालोचनाको स्वाङ रची 'नयाँ विचार' र 'नयाँ पार्टी' को कुरा गरे पनि सारमा संसदवाद, बहुलवाद, पुरानो राज्यसत्ता तथा संविधानको पक्षमा उभिई तिनको संरक्षण गर्ने थप प्रतिबद्धता जाहेर गर्न र शान्तिपूर्ण तरिकाले समाजवादमा जाने घोषित दक्षिणपन्थी संशोधनवादी विचारलाई निर्लज्ज ढंगले स्वीकार्न पुगेको छ।

हिजोको 'एक्काईसौं शताब्दीको जनवाद'ले नेपाली क्रान्तिलाई संसदवादको भासमा डुबायो भने अहिले 'एक्काईसौं शताब्दीको समाजवाद'ले नेपाली क्रान्तिलाई संसदवादको भासमा डुबायो भने अहिले 'एक्काईसौं शताब्दीको समाजवाद' ले त्यसभन्दा पनि अझ पर सामाजिक फासीवादमा पुऱ्याउने निश्चितै देखिन्छ।

यस समूहको नेतृत्वले पनि सम्राज्यवाद तथा विस्तारवादको चरम दलाली गर्दै आएको छ।

**नेकपा (मसाल)**

रूपमा नयाँ जनवाद र दीर्घकालीन जनयुद्धको आकर्षक साइनबोर्ड झुण्ड्याएर सारमा पुरानो राज्यसत्ता तथा संसदवादी संविधानको मोहपासमा बल्झिएको नेकपा (मसाल) संसदवादी सरकारको गठबन्धनमा मिसिएर नेपालमा 'मिलेरौँवादी राजनीति' को पक्षमा रहँदै आएको थियो।

सरकारले एमसीसी परियोजना अनुमोदन गर्ने निर्णय गरेपछि यो समूह गठबन्धनबाट अलग्गिन पुगे पनि सरकारलाई दिएको समर्थन यथावतै रहने निर्णय गरेको छ। यसले यो समूहको अवसरवादी चरित्रलाई स्पष्ट गर्दछ।

**विप्लव नेकपा**

'एकीकृत जनक्रान्तिको सिद्धान्त' विकसित गरेको दावी गर्दै आएको विप्लव नेतृत्वको नेकपाले सबै राजनीतिक समस्या सम्वादमार्फत् समाधान गर्ने र शान्तिपूर्णरूपमा जाने भनी ओली सरकारसँग गतराल तीनबुँदे सम्झौता गरेको स्पष्ट नै छ।

साथै, त्यसयता त्यस समूहले दलाल पुँजीवादी राज्यसत्तासित 'जनमतसङ्ग्रह' गरी समाजवादमा जान सकिन्छ भनेर शान्तिपूर्ण सङ्क्रमण तथा प्रतिस्पर्धाको बाटो पकडी तीव्र बेगमा दक्षिणपन्थी संशोधनवादतिर उन्मुख बन्दै जान खोजेका देखिन्छ। त्यसो नहोस् भन्नका खातिर हामीले सक्दो प्रयास गर्नु जरुरी छ।

अहिले नेपाली राजनीतिमा मूलतः तीन धारा क्रियाशील रहेका छन्, ती हुन्- पश्चगामी, यथास्थितिवादी र क्रान्तिकारी पश्चगामी धाराको प्रतिनिधित्व राजावादीहरू र यथास्थितिवादी धाराको प्रतिनिधित्व संसदवादीहरूले गरिरहेका छन् भने क्रान्तिकारी धाराको प्रतिनिधित्व सर्वहारावादी, देशभक्त तथा वामपन्थीहरूले गर्दै आएका छन्।

यद्यपि आज क्रान्तिकारी धारा कमजोर छ तर त्यो नयाँ विचारधारा, क्रान्तिकारी ओज र उज्ज्वल भविष्यले युक्त रहेको छ। सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध हुने प्रक्रिया विकसित हुँदै गइरहेको छ। त्यस दिशामा हामीले आफ्नो पहललाई अझै प्रभावकारी ढंगले बढाउनु जरुरी छ।

हालै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठकमा महासचिव किरणद्वारा प्रस्तुत भई परिमार्जनसहित पारित 'वर्तमान राजनीतिक परिस्थिति र हाम्रो कार्यभार' शीर्षक दसतावेजको अंश, शीर्षक हामीले दिएका हौं-सम्पादक।

## विकास निर्माणमा केन्द्रित हुन सभामुख सापकोटाको आग्रह

**सिन्धुपाल्चोक।** सभामुख अग्निप्रसाद सापकोटाले राज्यका तीनै तहका सरकारलाई गुणात्मक विकास निर्माणतर्फ लाग्न आग्रह गरेका छन्। स्थानीय बह्याणी खोलामाथि निर्माण हुने पुलको शिलान्यास गर्दै त्यस्तो आग्रह गरेका हुन्।

जुगल गाउँपालिका वडा नं १ र ५ जोड्ने ६३ मिटर लामो पुलको शिलान्यास गर्दै सभामुख सापकोटाले सभामुख सापकोटाले परिस्थिति सुहाउँदो विकास निर्माणमा केन्द्रित हुनुको विकल्प नरहेको बताए।

पुल बनेपछि साबिकको सेलाङ, गोल्चे गाविसका स्थानीयलाई राजधानी काठमाडौंसहितका जिल्लाका पूर्वीय क्षेत्रमा आवतजावत गर्न सहज हुनुका साथै जुगल गाउँपालिकाको पाँचै वडाका स्थानीयलाई सदरमुकाम चौतारा आवतजावत गर्न समेत सजिलो पर्नेछ।

करिब साढे ६ करोड रूपैयाँको लागतमा बन्ने उक्त पुल जुगलको 'लाइफ लाइन' हुने बताएका सभामुख सापकोटाले सोही क्रममा बलेफी, जलबीरे र तेम्बाथान सडक निर्माणको अवस्थाबारे जानकारी लिएका थिए।

जिल्लास्थित जुगल गापा- २ द्वारा गोल्चेबगरमा आयोजित 'जनतासँग सभामुख' कार्यक्रममा सहभागी भएका सापकोटाले स्थानीयको गुनासो र सुझावलाई ग्रहण गर्दै त्यसैका आधारमा आफ्ना क्षेत्रका काममा लाग्ने विश्वास दिलाएका थिए।

## पिउने पानीको धारा पाउँदा माझी र दनुवार वस्तीमा खुसीयाली

**सिन्धुपाल्चोक।** विसं. २०७२ सालको विनासकारी भूकम्पका कारण पिउने पानीको अभाव भोगिरहेको जिल्लास्थित भीमटार, इन्द्रावती र भोटसिपाका स्थानीय घर-घरमा धारा बनेपछि दंग परेका छन्।

विनासकारी भूकम्पले ध्वस्त बनेका ती बस्तीमा भूकम्प प्रतिरोधी घर बनेको र प्रत्येक घरमा पिउने पानीको धारा समेत बनेपछि अधिकांश माझी र दनुवार समुदायको बस्तीमा खुशी फर्केको हो।

भूकम्पका कारण इन्द्रावती, भीमटार, भोटसिपाको गाउँबस्तीमा पानीको मुहान सुकेपछि पिउने पानीको दुःख सुरु भएको थियो। लामो समयसम्म पानीका लागि दुःख झेलेका आफूहरूलाई यतिबेला घरघरमा धारा पाउँदा पर्व नै आए जस्तो खुशी मिलेको स्थानीय अनिल दनुवारले सुनाए।

इन्द्रावती गाउँपालिका र स्थानीयवासीको जनश्रमदानमा सम्पन्न खानेपानी योजनाबाट भीमटार क्षेत्रका एकसय ९५ घरधुरी लाभान्वित भएका छन्। खानेपानीको सुविधापछि गाउँको मुहार फेरिन थालेको इन्द्रावती १२ का वडाध्यक्ष कमलरत्न दनुवारले सुनाए।

खानेपानीको समस्या झेलिरहेको इन्द्रावती-१० भोटसिपाका स्थानीयवासीलाई गाउँमा पिउने पानीको धारा बनेपछि खुशी मिलेको छ। ज्याप्स संस्थाको आर्थिक सहयोग र इन्द्रावती गाउँपालिकाको समन्वयमा निर्मित बूढीचौर लिफ्टी खानेपानी योजनाबाट एक हजार परिवारको घरआँगनमा खानेपानी पुऱ्याइएको हो।

## एमसीसी...

मात्र एमसीसी संझौतालाई अनुमोदन गर्न सकिन्छ।' खासगरी संसदमा प्रतिनिधित्व गर्ने अधिकांस पार्टीका नेताहरूले यो विचार व्यक्त गर्ने गरेका छन्। तेस्रो विचार राख्ने राजनीतिक दलहरूले एमसीसीको प्रस्तावलाई संशोधन गर्नुपर्ने वा त्यसलाई परिमार्जन गर्नु पर्ने कुरामा जोड दिइरहेका छन्।

एमसीसीका पदाधिकारी र अमेरिकी सरकारका मानिसहरू भनिरहेका छन् कि प्रस्तावमा फेरबदलको त कुरै छाडौं सामान्य हेरफेर पनि हुन सक्दैन। अहिले एमसीसीलाई जस्ताको त्यस्तै पारित गरिएको छ।

एमसीसी के हो र यो इन्डोप्यासिफिक सैन्य रणनीतिको अंग हो त ? भन्ने अहम सवालमा यति भन्दा काफी होला कि सन् २००४ सालमा निर्माण गरेको मिलेनियम च्यालेञ्ज कर्पोरेसन अमेरिकी सरकारको सहायक संगठन हो र अमेरिकी सरकारको रक्षा मन्त्रालयको मातहतमा रहेर यसको परिचालन गरिएको छ। त्यसैले स्पष्ट छ कि यो मुख्यतः इन्डोप्यासिफिक सैन्य रणनीतिको एक अंग हो। अमेरिकाले एशियाली मुलुकहरूलाई आफ्नो सुरक्षा छाता भित्र राखेर चीनलाई विभिन्न तरिकाले घेराउ गर्ने र आवश्यक परे फौजी रूपमै भिड्ने योजना तत्कालीन भारतका सैनिक जनरल गुर्दिप गुरानाले सन् २००८ मा 'इन्डोप्यासिफिक स्ट्रेटेजी' अवधारणा अगाडि सारे र, त्यो परियोजना संयुक्त राज्य अमेरिकाको 'सैन्य रणनीति' अन्तर्गत अमेरिका, भारत, अष्ट्रेलिया र जापानको अगुवाइमा ती चार देशका वरपर रहेका अन्य देशहरूलाई समावेश गरेर विकासको आवरणमा फौजी रणनीतिलाई बलियो बनाउने र चीनलाई घेरा हाल्ने, क्षतविक्षत पार्ने रणनीति बनाइयो। यो परियोजना नेपालभन्दा केही अगाडि श्रीलंकामा लागू गर्न खोजिएको थियो तर त्यहाँको संसद र सरकारले त्यसलाई ठाडै अस्वीकार गरेर फिर्ता गरिदिएका थिए। नेपाल पार्टनरसीप भयो एलाइज होइन भनेर त एमालेका तत्कालीन मन्त्री प्रदीप ज्ञवालीले भनेका थिए।

***एमसीसी प्रोजेक्टका मान्यताहरू के–के हुन् र यसलाई किन खारेज गर्नुपर्दछ ?***

- यो पुरै नीजीकरण्मा आधारित छ। नेपालले अपनाएको पीपीपी मोडेलमा छैन। समाजवादी अर्थव्यवस्थाका विरुद्ध छ (नवउदार अर्थनीति यसको मेरुदण्ड हो। नेपालको संविधान २०७२ विपरित।
- आर्थिक रूपले यसको प्रत्यक्ष फाइदा भारतीय कम्पनीहरू र त्यहाँका सम्पन्न वर्गका जनतालाई पुग्दछ।
- कामका लागि अन्तराष्ट्रिय कम्पनीहरू छान्ने र त्यसमा भारतीय कम्पनीहरू र भारतीय सामानहरूको बजार हो यो परियोजना।
- यो कम्पनीका लागि के कति मानव श्रोत चाहिन्छ, को को चाहिन्छआदि सबै नेपाल सरकारको चाँसोबाट बाहिर राखिएको छ।
- परियोजनाको कार्यान्वयनका दौरानमा निष्कने प्राकृतिक श्रोत, बहुमुल्य धातुआदि सबैमा उसकै अधिकार र परियोजनाकान सुरक्षाको जिम्मा पनि उसकै मातहत हुने, हत्या हिंसा बलात्कार आदि गरेमा उसकै कानुन लागु हुने आदि छन्।
- यसको नेपालीका लागि सकात्मक पक्ष के हो भने तर एमसीसीको नकारात्मकतालाई सकारात्मकमा बदल्नेका क्रान्तिकारीको महत्वपूर्ण जिम्मेवारी हो।

प्रथम संसदीय व्यवस्था खारेज नगरी देशको सार्वभौमिताको रक्षा हुन सकिँदैन। यो व्यवस्था त विदेशी दलाल उत्पादन गर्ने कारखाना हो। नरहे बाँस नबजे बाँसुरी भनेझैं विदेशी दलाल उत्पादन गर्ने कारखाना–संसदीय व्यवस्थालाइ नै ध्वंस पारेपछि नेपालमा दलालहरूको अस्तित्त्व रहने छैन।

अमेरिका विश्व साम्राज्यवादको नाइके र भारत उसका छिकेकी देशहरूका लागि विस्तारवादको नमूना अमेरिकार र भारत दुवैको बलियो प्रतिष्पर्धी चीनका विरुद्ध लागेका शक्तिहरू रणनीतिक रूपले अवस्थित नेपालमार्फत चीनका विरुद्ध चौतर्फी नाकाबन्दीको रणनीतिमा लागेका छन्। र तिब्बत उनीहरूका लागि चीनलाई तहसनहस बनाउने एउटा बलियो ज्वालामूखी हो भन्ने उनीहरूले ठानेका छन। तर यी दुवैलाई थाहा छ नेपाललाई नियन्त्रण नगरी चीन विरुद्धको ज्वालामूखीलाई सक्रिय बनाउन सकिँदैन। विगतमा नेपालमाथि नियन्त्रण गर्ने अनेकौं प्रयास नगरिएका होइनन नेपालको उत्तरी सिमा नाकामा भारतीय सैनिक चेकपोष्ट र त्यसको मद्दतमा पछि गरिएको खम्पा विद्रोह, यसका उदाहरण हुन्। उत्तरी सिमा नाकामा रहेका ती भारतीय सैनिक चेकपोष्ट त्यहाँबाट हटाउन र खम्पा विद्रोहलाई दमन गर्न तत्कालिन तत्कालिन कीर्ती निधि बिष्ट सरकारको महत्वपूर्ण भूमिका रहेकोछ।

नेपालजस्ता देशका लागि राष्ट्रियता र जनतन्त्र, यी दुई राष्ट्रिय मुक्ति आन्दोलनका अंग हुन। र विगतमा कहिले राष्ट्रियतालाई हतियार बनाएर जनतन्त्रलाई कमजोर बनाउने काम गरियो त कहिले जनतन्त्रमाथि टेकेर नेपालको भू-भाग, जलस्रोत भारतलाई सुम्पेर नेपाल राष्ट्रियतालाई भारतसँग सौदावाजी गरिएको विगत र वर्तमानको इतिहास छ।

तर पनि राष्ट्रियता र जनतन्त्र, दुवैलाई तहसनहस पार्ने काम नेपालका लेन्डुपेहरू सरकारमा आएपछि बढेको छ। र उनीहरू गम्भिर राष्ट्रघातको तयारीमा लागेका छन्। अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता राष्ट्रघाती रहेको भन्दै त्यसको खारेजीका लागि चौतर्फी रूपमा आवाज उठिरहेको र दबाब आन्दोलनहरू सञ्चालन भइरहेको पृष्ठभूमिलाई बेवास्ता गर्दै त्यससमयको सत्तारुढ नेकपा (एमाले)को एमसीसी सम्झौता अमेरिकी डिजाइन अनुसार नै संसदबाट पास गर्ने निर्णय थियो र उसको त्यो गम्भिर राष्ट्रघात थियो। पछि विभिन्न कारणवस त्यो सरकारबाट बाहिर हुन पुग्यो। यसरी नेपालका लेन्डुपेहरूले एमसीसीमार्फत संघीय सत्ता अमेरिकालाई बुझाएका छन्।

विश्वमा बर्तमानको प्रमुख दुश्मन साम्राज्यवादी अमेरिकार नै हो र देशभित्र त्यसमा पुराना र नयाँ दलालहरू हुन्। प्रतिक्रियावादी संसदीय व्यवस्थाको अन्तर्य गरेर देशमा जनगणतन्त्रको स्थापनाले मात्रै यस्ता दलालहरूलाई ठेगान लगाउने स्पष्ट छ। दलालीकरण माफियाकरण र विचौलीया करण वर्तमानका नेपालको विकास र उन्नतीको वाधक हुन र यसका विरुद्धको आन्दोलन एउटा एमसीसीको खारेजीले मात्रै सकिँदैन। अहिले जनता सडकबाट यसको खारेज गरेका छन् तर संसद यसको रक्षा कबज बनेको छ। यस्तो रक्षा कबजमाथि बमबार्ड नगरी नेपालको मूक्ति सम्भव छैन।

समाजवादको स्थापनामा जनवादी क्रान्तिका लागि साम्राज्यवाद विरुद्ध र देशभित्र सामन्तवाद र सबै पतिक्रियावादका दलालहरूका विरुद्ध विजयको आवश्यकता। माओका शब्दमा दुइटा अंगका पहाड–सामन्तवाद र सामाज्यवादको हैकमको अन्त्य।

## स्थानीय...

भन्ने लडाइँ हो अहिलेको निर्वाचन' कार्यक्रमबीच उनले भने- 'त्यसै पनि यो निर्वाचन सामान्य निर्वाचन होइन । न्याय र अन्यायको बीचको, प्रतिक्रान्ति र क्रान्तिबीचको, प्रतिगमन र अग्रगमनबीचको, मधेसी समुदायको हकअधिकार अफ थप्ने वा खोस्नेको बीचको लडाइँका रूपमा लिएका छौं ।'

'जनयुद्ध, १२ बुँदे बृहतशान्ति सम्झौता, संघीय लोकतन्त्रको घोषणा, संविधानसभा निर्वाचन, निर्वाचनबाट जुन समृद्ध नेपालको सपना देखेर मैले आफ्नो ठाउँबाट, मेरो पार्टी र म अध्यक्ष भएको हैसियतले धेरै त्याग तपस्या गरेर यहाँसम्म नेपाल आइपुगेको छ' उनको भनाइ थियो ।

आफू प्रतिक्रियावादीका लागि घाँटीमा अड्केको हाड जस्तै भएको टिप्पणी गर्दै प्रचण्डले थप गे 'अहिले माओवादी केन्द्र, त्यसको नेतृत्व प्रतिक्रियावादीका लागि बडो गाह्रो परेको छ । उनीहरू कसरी माओवादीलाई खुम्च्याउन सकिन्छ, कसरी प्रचण्डलाई घेरा हाल्न सकिन्छ भनेर भए नभएको कुरा गरेर मलाई 'ह्युमिलेट' गर्न खोजिरहेका छन् ।'

यसैगरी चितवनमा आयोजित अर्को कार्यक्रमलाई सम्बोधन गर्दै उनले आसन्न निर्वाचनमा गठबन्धमै सहभागी हुने सहमति भैसकेको समेत जनाए । भूमिहीन, दलितलाई जग्गा धनी प्रमाण पूर्जा वितरण कार्यक्रममा सहभागी हुन चितवन पुगेको अध्यक्ष प्रचण्डले संविधान र परिवर्तनलाई जोगाउन स्थानीय, प्रदेश र संघको निर्वाचनमा गठबन्धनमै जानुपर्ने धारणा व्यक्त गरे ।

प्रतिगामीहरूलाई परास्त गर्दै लोकतान्त्रिक शक्तिहरूका बीचमा बनेको गठबन्धनको सरकार राष्ट्र र नेपाली जनताका समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न क्रियाशील रहेको पनि बताउँदै उनले भने 'सबै आ-आफ्नो ठाउँबाट लचिलो भई त्याग गर्ने मानसिकता भयो भने असम्भव भन्ने केही हुँदैन ।'

आफ्नो दलले वर्षौंदेखि भूमिहीन समुदायलाई भूमिपति बनाउन गरेको संघर्षको सार्थक रूपको चितवनको भरतपुरबाट सुरू भएको उनको भनाइ थियो । विसं २०३६ सालमा भूमिहीनहरूको समस्यालाई उजागर गरेर आफूले क्रान्तिको सुरूआत गरेको भन्दै भूमि प्राप्तिको राष्ट्रिय अभियानलाई द्रुत गतिमा अगाडि बढाएर सम्पूर्ण भूमिहीनहरूलाई भूमिपति बनाउन सरकार र भूमि आयोगका पदाधिकारीलाई आग्रह समेत गरे ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई धनीपुर्जा प्रदान गरेर भूमि प्राप्तिको अभियानलाई निरन्तरता दिइने बताइन् । मन्त्री श्रेष्ठले भूमिहीनलाई लालपूर्जा दिने कार्य कुनै पनि निर्वाचनले नरोक्ने उनको भनाइ थियो ।

असली भूमिहीन नछुट्न भन्नेमा सरकार र पार्टी प्रतिबद्ध भएको भन्दै मन्त्री श्रेष्ठले चितवनबाट यसको सुरुआत गरिएको जनाउँदै उनले कोही भूमिहीन छुट्न नहुने र भूमिपतिहरूले भूमिहीनको नाममा जग्गा नपाउन् भन्नेमा आयोगका पदाधिकारी तथा कर्मचारीहरू सजग हुनुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले भूमिहीनहरूलाई भूमिपति बनाउने अभियानको सुरूआत भरतपुरबाट सुरु भएकामा आफूले पाँच वर्ष अगाडि निर्वाचनका बेला गरेको बाचा पूरा गर्ने प्रक्रियाकाको थालनी भएको बताइन् । 'भरतपुर महानगरपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवास गर्ने दस हजार सातसय ७७ जनालाई पुर्जा दिएरै छाड्छौं' उनको भनाइ थियो ।

सोही क्रममा भरतपुर महानगरपालिका-२ आँपटारी देवकोटा चोकका भूमिहीन दलितहरूलाई पहिलो चरणमा ४६ परिवारलाई जग्गा धनीपुर्जा वितरण गरिएको थियो ।

कार्यक्रममा राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौला, उपाध्यक्ष नरेन्द्र खड्का, भरतपुर महानगरपालिकाका उपप्रमुख पार्वती शाह ठकुरी, आयोगका जिल्ला अध्यक्ष बद्री तिमिल्सिनालगायतले भूमिहीन नागरिकलाई राज्यले सम्बोधन गर्ने विश्वास दिलाएका थिए ।

## मुलुकभर...

मतदाता रहेका छन् । कार्यालयले निर्वाचनलाई लक्षित गरी सामग्री खरिद एवं खटिने कर्मचारीको विवरण तयार गर्ने काममा लागेको जानकारी दिएको छ ।

निर्वाचनलाई लक्षित गरी सत्तागठबन्धनमा सहभागी नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) सहतिका सबै दलहरूले वडा तथा टोलहरूमा सञ्चालन गरिरहेका कार्यक्रमले चुनावी माहोल तताएको छ । माओवादी केन्द्रले आसन्न चुनावलाई दक्षित गरी वडा र टोल कमिटीका बैठहरूलाई तीव्रता दिएको पोखरा महानगर कमिटीका निवर्तमान अध्यक्ष एवं गण्डकी प्रदेश कमिटी सदस्य विश्वप्रकाश लामिछानेले जानकारी दिए । आफ्नो दलले प्रत्येक वडाबाट उम्मेदवार हुन चाहने वडाध्यक्ष सहितका पाँचजनाको सकेसम्म सर्वसम्मत र नभएमा पनि आकांक्षीको नामावली माग गरिएको उनले जानकारी दिए । उम्मेदवार तय सम्बन्धमा गठबन्धन दलबीच पनि निरन्तर छलफल भइरहेको समेत लामिछानेले बताए ।

यसअघि नै नेपाली कांग्रेसले चुनावलाई केन्द्रित अभियानलाई सञ्चालन गरिरहेको उक्त दलका कास्कीका सभापति किशोरदत्त बरालले जानकारी दिए ।

उता नेकपा एमालेले निर्वाचनलाई लक्षित गरी वडा एवं टोल लक्षित गरी विभिन्न कार्यक्रम अघि बढाएको उक्त दलका जिल्ला अध्यक्ष मनबहादुर गुरुङले जानकारी दिए ।

यसैबीच गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङमा पनि स्थानीय निर्वाचनको माहोल तातेको छ । आसन्न स्थानीय निर्वाचनमा जिल्लामा रहेको चार सत्तारुढ दलबीच गठबन्धन गरेर जाने निर्णय भएको बताइएको छ । नेपाली कांग्रेस जिल्ला सभापति टकराज गुरुङको अध्यक्षतामा गठबन्धन दलका प्रमुखको बेंसीशहरमा बसेको बैठकले संघीय सरकारमा रहेका पाँच दलीय सत्ता गठबन्धन दलका शीर्ष नेतृत्वबीच हालै सम्पन्न बैठकले गरेका निर्णय र निर्देशन बमोजिम लमजुङमा पनि सोहीअनुसार अघि बढ्ने निर्णय भएको जानकारी दिइएको छ । जिल्लामा रहेका प्रमुख सत्तारुढ दल नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समिति, नेकपा-एकीकृत समाजवादी जिल्ला कमिटि र जनता समाजवादी पार्टी जिल्लाकार्य समिति लमजुङले आगामी निर्वाचनमा गठबन्धन गरी स्थानीय निर्वाचनमा जाने निर्णय गरेका छन् । कांग्रेस जिल्ला सभापति गुरुङका अनुसार उक्त बैठकले जिल्लामा रहेका चार नगरपालिका र चार गाउँपालिका गरी आठ स्थानीय तहदेखि जिल्ला समन्वय समितिसमेतमा चुनावी तालमेल गर्ने निर्णय गरेको छ ।

त्यस्तै, नेपाली कांग्रेस जिल्ला सभापति गुरुङको संयोजकत्वमा सदस्यमा माओवादी केन्द्र लमजुङका संयोजक मधु अधिकारी गुरुङ, एकीकृत समाजवादीका अध्यक्ष रामबाबु अधिकारी र जनता समाजवादी पार्टीका अध्यक्ष गमबहादुर तामाङ रहने गरी आसन्न निर्वाचनमा जिल्ला संयन्त्र बनाउने निर्णय गरेको छ ।


उक्त निर्णय बाहेक गठबन्धन दलबीच गठबन्धनको मर्म र भावना अनुरूप सुमधुर सम्बन्ध कायम राख्दै दल भित्रका जिम्मेवार नेता तथा कार्यकर्तालै एक आपसमा गठबन्धन विरोधी आरोप प्रत्यारोप नगर्ने नगराउन, सामाजिक सञ्जाललगायतका सञ्चारमध्यमबाट अशिष्ट, गालीगलोज जस्ता गतिविधि नगर्ने नगराउन, आ-आफ्नो दलका नेता तथा कार्यकर्तालाई अपिल गर्ने एवं आपसी सम्मान र हार्दिकताको विकास गर्दै संयुक्तरूपमा स्थानीय तहको निर्वाचनमा सहभागी हुन निर्देशन गर्ने निर्णय गरिएको पनि गुरुङले बताए ।

यसैबीच आसन्न स्थानीय तहको निर्वाचन नजिकँदै गर्दा बाँके जिल्लामा चुनावी सरगर्मी बढेको छ । बाँकेमा नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस, जता समाजवादी पार्टी, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत सबै राजनीतक दलले चुनावी अभियानलाई तीव्रता दिएका छन् ।

बाँकेमा एक उपमहानगरपालिका, एक नगरपालिका र छ गाउँपालिका गरी आठ स्थानीय तह तथा ८१ वडा रहेका छन् ।जिल्लामा गठबन्धन सम्बद्ध दलहरूसँग छलफल गर्नेलगायत आ-आफ्ना दलको गतिविधिलाई वडा तहमा पुऱ्याउने काम भइरहेको कांग्रेस बाँकेका सभापति नारायणप्रसाद गौडेलले जानकारी दिए ।

यस्तै माओवादी केन्द्रले पार्टी संगठनले छलफललाई तीव्रता दिएको छ । उम्मेदवार छनोटदेखि गठबन्धनका लागि दलहरूसँग छलफल गर्नेसम्मका काम गरिरहेको माओवादीले संगठन विस्तारलाई वडा तहमा पुऱ्याएको जिल्ला संयोजक डम्मर विकले जानकारी दिए भने राप्रपा र जसपाले पनि उम्मेदवारी टुंगो लगाउने लगायत कार्यलाई तीव्रता दिएका छन् ।

## समयअघि नै फुल्यो लालीगुराँस : तस्बिर खिँच्ने र टिकटक बनाउनेको भीड



म्याग्दी । साधारणतयः चैत/वैशाखमा फुल्नुपर्ने लालीगुराँस जलवायु परिवर्तनका कारण यसवर्ष माघमै रातामै फुलेर चैतको तेस्रो सातासम्म आइपुग्दा ओइलाएर झरेको छ ।

तापक्रम वृद्धिका कारण यो पटक हिमाली जिल्ला म्याग्दीका लेकाली क्षेत्रहरूमा समयअघि नै लालीगुराँस फुलेको हो । विगतका वर्षहरूमा चैत/वैशाखमा फुल्ने लालिगुराँस मौसमी परिवर्तनका कारण पुसमै कोपिला लागेर माघदेखि नै फुलेपछि स्थानीय जंगल र लेकाली क्षेत्रहरू समयअघि नै राताम्ये भएका थिए ।

लालिगुराँस फुलेर राताम्मै भएपछि त्यसलाई हेरर रमाउने, तस्बिर खिच्न र टिकटक बनाउने आन्तरिक पर्यटहरूको भीड नै लागेको थियो । जलवायु परिवर्तनका कारण वातावरणमा अस्वाभाविक परिवर्तन देखिँदा बाली पाक्ने, जंगली फलहरू पाक्ने र गुराँस फुल्ने समयमा पनि परिवर्तन आएको अनुमान लगाइएको छ ।

जिल्लाका उत्तरी क्षेत्र घोडेपानी, शिख, घार, राम्चे, नारच्याङलगायत क्षेत्रमा केही ढिलो गरी फागुनको पहिलो सातादेखि नै लालीगुराँस फुलेको छ भने पश्चिमी क्षेत्रका अधिकांश जंगलमा पुसको अन्तिम सातादेखि नै फुल्न सुरु गरेको लालीगुराँस अहिले ओइलाएर झर्न थालेको स्थानीयले बताए ।

समयअगावै फुलेका गुराँस फुल्ने महिना चैत/वैशाखमा ओइलाउन थालेको भकिम्लीका मनबहादुर श्रीषले बताए । पश्चिमी क्षेत्रमा लालीगुराँस फुलेर ओइलाउँदै झर्न सुरु गरेपछि हेर्नेहरूको घोडेपानी क्षेत्रमा भीड लाग्न सुरु भएको पर्यटन व्यवसायीहरूले बताए । घोडेपानीका जंगलमा ढकमक्क गुराँस फुलेपछि आन्तरिक पर्यटकको भीड लागेको हो ।

ढकमक्क फुलेको लालीगुराँस देख्दा सबैको मन लोभिने र आनन्द आउने भएकाले यस क्षेत्रमा आन्तरिक पर्यटकहरूको भीड लाग्ने गर्दछ । विश्वमा पाइने लालीगुराँसका ४२ प्रजातिमध्ये म्याग्दीका जंगलमा १६ प्रजातिका गुराँस पाइन्छ । नेपालमा ३२ प्रजातिका गुराँस पाइने एक अध्ययनले देखाएको छ । फागुनदेखि वैशाखसम्म गुराँस फुल्ने मुख्य याम सुरु भएसँगै घोडेपानी क्षेत्र रातै भएको हेर्न आन्तरिक पर्यटकको आउने क्रम समेत ह्वात्तै बढ्ने गरेको स्थानीय होटल व्यवसायीहरूले बताए ।

प्राकृतिक सुन्दरतासँगै ढकमक्क फुलेका विभिन्न प्रजातिका गुराँसले मनलाई आनन्दित बनाउनाका साथै केही क्षणकै लागि भए पनि शरिरमा शुद्ध अक्सिजनको मागलाई पूरा गनै पाएकामा खुशी लागेको काठमाडौंबाट सपरिवार घोडेपानी आएका वरिष्ठ कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले सुनाए ।

जिल्लाकै पश्चिमी क्षेत्र भकिम्ली, वरञ्जा, अर्मनलगायत रघुगंगाका पाखापानी, कोटगाउँ, दग्नाम, दर्मिजा क्षेत्रमा भने लालीगुराँस फुलेर ओइलाइसकेको छ । यस पटक छिटो फुलेका लालीगुराँस फूलको प्राकृतिक रंग समेत बदलिएको रघुगंगा- ४, दग्नामका वडाध्यक्ष रूकबहादुर गर्बुजाले बताए । (रासस)


गर्मी मौसममा,

- झाडापखाला, बान्ता, आउँ, जण्डिस, टाइफाइडजस्ता रोगको जोखिम बढी हुन्छ ।
- लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक: कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं